**डिप्रोक्स लघुवित्त विकास बैंक लिमिटेड**
**नारायणगढ, चितवन**
लेखा परीक्षण नभएको वित्तीय नतिजा
आर्थिक वर्ष २०७२।०७३ को चौथो त्रैमासमा

| क्र.स. | पूंजी तथा दायित्व | यस त्रैमास २०७३ आषाढ | यस त्रैमास २०७२ चैत्र | गत आ.व. २०७२ आषाढ |
|---|---|---|---|---|
| १ | कूल पूंजी तथा दायित्व | ४,४५१,३४७,९०६।४८ | ४,२१८,९९७,९३९।६० | ३,१६४,४०२,६१४।५६ |
| १.१ | चुक्ता पूंजी | २५७,९२३,८४५।०० | २५७,९२३,८४५।०० | १७१,९४९,२३०।०० |
| १.२ | जगेडा तथा कोषहरू | ३३३,३४९,७०९।६९ | २९१,१४५,४०५।८६ | २३५,०३४,७३७।७१ |
| १.३ | ऋणपत्र तथा बण्ड | - | - | - |
| १.४ | सापटी | २,५०८,०७४,२५२।९३ | २,४७५,६५३,७८८।०९ | १,७९३,९९८,८९८।७५ |
| १.५ | निक्षेप दायित्व | *१,१६३,४८९,०९५।००* | *१,०५९,३०९,३३५।००* | *८३५,७८८,४२८।६०* |
| १.५.१ | समुहगत | १,१६३,४८९,०९५।०० | १,०५९,३०९,३३५।०० | ८३५,७८८,४२८।६० |
| १.५.२ | सर्वसाधारण | - | - | - |
| १.६ | आयकर दायित्व | - | - | ७,५८०,०४७।०८ |
| १.७ | अन्य दायित्व | १८८,५११,००३।८६ | १३४,९६५,५६५।६५ | १२०,०५१,२७२।४२ |
| २. | कूल सम्पत्ति | ४,४५१,३४७,९०६।४८ | ४,२१८,९९७,९३९।६० | ३,१६४,४०२,६१४।५६ |
| २.१ | नगद तथा बैंक मौज्दात | ३५८,७४४,०९२।४७ | ५४७,३२०,८३७।७० | २३१,३७८,८४६।१८ |
| २.२ | माग तथा अल्पसूचनामा प्राप्त हुने | - | - | - |
| २.३ | लगानी | १०,०००।०० | १०,०००।०० | १०,०००।०० |
| २.४ | कर्जा तथा सापट | ३,९२८,०९५,८७१।०० | ३,५२२,४४०,५१८।०० | २,८०८,५५७,४४४।०० |
| २.५ | स्थिर सम्पत्ति | १९,४१८,४४५।३० | १५,८९४,३८१।०२ | १५,५१५,८७३।७० |
| २.६ | गैर बैंकिङ सम्पत्ति | - | - | - |
| २.७ | अन्य सम्पत्ति | १४५,०७९,४९७।७१ | १३३,३३२,२०२।८८ | १०८,९४०,४५०।६८ |
| ३ | **नाफा नोक्सान हिसाव** | **यस त्रैमास २०७३ आषाढ** | **यस त्रैमास २०७२ चैत्र** | **गत आ.व. २०७२ आषाढ** |
| ३.१ | ब्याज आम्दानी | ६३६,३५५,६४३।०० | ४५४,९४०,८९०।०० | ४६५,१०८,५०३।४४ |
| ३.२ | ब्याज खर्च | १६६,२६८,२०७।५९ | ११४,३८७,८६२।२७ | १२४,८९७,४९०।२० |
| क. | खूद ब्याज आम्दानी | ४७०,०८७,४३५।४१ | ३४०,५५३,०२७।७३ | ३४०,२११,०१३।२४ |
| ३.३ | फि, कमिशन र डिस्काउण्ट | - | - | १६२,५३१।२० |
| ३.४ | अन्य सञ्चालन आम्दानी | ७०,२१७,७२४।५३ | ४६,४९२,९३१।०२ | ४२,३२१,७७०।०७ |
| ख | कूल सञ्चालन आम्दानी | ५४०,३०५,१५९।९४ | ३८७,०४५,९५८।७५ | ३८२,६९५,३१४।५१ |
| ३.५ | कर्मचारी खर्च | १६३,२६३,६३०।८३ | ९८,६७८,९१५।९६ | ११०,७९१,४००।३० |
| ३.६ | अन्य सञ्चालन खर्च | ४७,९९४,८३४।५० | ३२,८३०,०६२।७६ | ४८,४४६,८०७।५७ |
| ग | नोक्सानी ब्यवस्था अघिको सञ्चालन नाफा | ३२९,०४६,६९४।६१ | २५५,५३६,९८०।०३ | २२३,४५७,१०६।६४ |
| ३.७ | सम्भावित नोसानी ब्यवस्था | ८०,८१०,३४३।०० | ५८,०७३,७७०।०० | २२,४९२,१०९।०० |
| घ | सञ्चालन नाफा | २४८,२३६,३५१।६१ | १९७,४६३,२१०।०३ | २००,९६४,९९७।६४ |
| ३.८ | गैर सञ्चालन आम्दानी/ खर्च (खुद) | - | - | - |
| ३.९ | सम्भावित नोक्सानी ब्यवस्थाबाट फिर्ता | ५४,५६६,७३३।०० | ४२,०९२,२९९।०० | १०,०६६,७६७।०० |
| ङ | नियमित कृयाकलापबाट नाफा | ३०२,८०३,०८४।६१ | २३९,५५५,५०९।०३ | २११,०३१,७६४।६४ |
| ३.१० | असामान्य कारोवारबाट भएको आम्दानी/खर्च ( खूद) | २२,८९०।०० | ४७,९३०।०० | १४१,२२०।०० |
| च | बोनस र कर अघिको नाफा | ३०२,८२५,९७४।६१ | २३९,६०३,४३९।०३ | २११,१७२,९८४।६४ |
| ३.११ | कर्मचारी बोनस ब्यवस्था | २७,५२९,६३४।०० | २१,७८२,१३१।०० | १९,१९७,५४४।०० |
| ३.१२ | आयकर ब्यवस्था | ८२,५८८,९०२।०० | ६५,३४६,३९२।०० | ५७,५९२,६३२।०० |
| छ | खूद नाफा/नोक्सान | १९२,७०७,४३८।६१ | १५२,४७४,९१६।०३ | १३४,३८२,८०८।६४ |
| ४ | अनुपातहरू | **यस त्रैमास २०७३ आषाढ** | **यस त्रैमास २०७२ चैत्र** | **गत आ.व. २०७२ आषाढ** |
| ४.१ | पूंजीकोष / जोखिम भारित सम्पत्ति | १४।९६ | १५।२६ | १४।४३ |
| ४.२ | निष्कृय कर्जा/ कूल कर्जा | ०।८२ | ०।७३ | ०।३२ |
| ४.३ | सम्भावित नोसानी ब्यवस्था/ कूल निष्कृय कर्जा | १८७।८१ | १९५।८४ | ४२६।४८ |
| ४.५ | पूंजीको लागत | ५।३१ | ५।२४ | ५।३८ |
| ४.६ | निक्षेप कर्जा अनुपात | २९।१७ | २९।६४ | २९।३६ |

नोटः सुपरिवेक्षण गर्ने निकाय तथा बाह्य लेखा परिक्षकले थप/घट गर्न निर्देशन दिएमा परिष्कृत वित्तीय विवरणमा फरक पर्न सक्नेछ ।

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०६५ नियम २२ उपविनियम (२)संग सम्बन्धित अनुसुची १४ बमोजिमको**
**डिप्रोक्स लघुवित्त विकास बैंक लिमिटेडको आ.व. २०७२/०७३ को चौथो त्रैमासिक बिवरण**

१. **प्रमुख वित्तीय बिवरण :**

**क. त्रैमासिक अवधिको वासलात, नाफा/नोक्सान हिसाब सम्बन्धी बिवरणः** यस बैंकको वासलात,नाफा-नोक्सान सम्वन्धि बिवरण यसैसाथ प्रकाशित गरिएको छ।

**ख. न्यूनतम रूपमा प्रमुख वित्तीय अनुपातहरू निम्न बमोजिम रहेको छ ।**

| | | | |
|---|---|---|---|
| प्रति शेयर आम्दानी | रू.७४।७१ | प्रति शेयर नेटवर्थ | रू.२२९।२४ |
| प्रति शेयर बजार मूल्य | रू.३,३००।०० | प्रति शेयर कुल सम्पतिको मूल्य | रू.१,७२५।८४ |
| मूल्य आम्दानी अनुपात | ४४।१७ | तरलता अनुपात | ९।७७ |

२. **ब्यवस्थापकीय बिश्लेषण :**

**क. त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी बिवरणः** कारोवारको बृद्धिसंगै संस्थाको मौज्दात, आम्दानी, र तरलतामा सकारात्मक रूपमा वृद्धि भएको छ।

**ख. आगामी अवधिको ब्यवसायिक योजना सम्बन्धमा ब्यवस्थापनको विश्लेषणात्मक बिवरण** : बैंकको ब्यवसायिक स्थिति योजना अनुरूप सन्तोषजनक रहेको छ । राष्ट्रिय स्तरको यस लघुबित्त बिकास बैंकले हाल सम्म ४७ बटा जिल्लामा ८१ बटा शाखा मार्फत गुणस्तरीय सेवा प्रदान गरिरहेको साथै नयां कार्यक्रम बिस्तार गर्दा लघुबित्त सेवा नपुगेका क्षेत्र तथा जिल्लाहरूलाई प्राथमिकता दिईएको छ । बैंकद्धरा प्रदान गरिने सेवाहरूलाई बिबिधिकरण गर्दै राष्ट्रिय तथा अर्न्तराष्ट्रिय बिप्रेशण सेवा तथा वीमा सम्वन्धि सेवाहरू संचालन गरिनेछ । बैंकको आम्दानी तथा तरलता राम्रो रहेको छ साथै वार्षिक कार्ययोजना अनुरूप कार्यक्रम सञ्चालन भईरहेको छ। यस त्रैमासको अन्त्य सम्ममा बैंकले हासिल गरेको लक्ष तथा प्रगती निम्नानुसार रहेका छनः

| बिवरण | यस त्रैमाससम्मको | | यस आ.व.को अन्त्यसम्मको |
|---|---|---|---|
| | लक्ष्य | प्रगती | लक्ष्य |
| कुल सदस्य संख्या | १,३९,१०० | १,२१,४२४ | १,३९,१०० |
| लगानीमा रहेको कर्जा | रू.३,८८,५६,०६,००० | रू.३,९८,९३,२५,४५३ | रू.३,८८,५६,०६,००० |
| कुल बचत तथा निक्षेप | रू.१,१६,७४,४४,००० | रू.१,१६,३४,८९,०९५ | रू.१,१६,७४,४४,००० |

**ग.बिगतको अनुभवबाट संगठित संस्थाको मौज्दात नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना अवस्था आदि भएमा सो सम्बन्धि विश्लेषणात्मक बिवरण** : देशमा गएको महाभुकम्प जस्ता दैवीविपत्तिहरू, विगत लामो समय भएको तराई आन्दोलन तथा नाकाबन्दी, ईन्धन समस्या, बाणिज्य बैंकहरूले लिने ब्याजदर, लघुवित्त संस्थाहरूमा देखिएको कर्जा दोहोरोपना आदि कारणले बैंकलाई असर पर्न सक्छ तथापी बैंकले तय गरेको कार्यनीति तथा ब्यबस्थापनका कारण गम्भीर समस्या ब्यहोर्नु परेको छैन । बैंकले भविष्यमा पनि तात्विक असर पार्न सक्ने घटना वा अबस्था आउन नदिन आबश्यक नीति नियमको तर्जुमा गरि अघि बढ्ने नीति लिएको छ।

३. **कानुनी कारवाही सम्वन्धि बिवरण** :यस त्रैमाससम्ममा यस बैंक तथा यसका सञ्चालकहरू माथि कानुनी कारवाही सम्वन्धि कुनै मुद्दा दायर भएको छैन।

४. **संगठित संस्थाको शेयर कारोवार सम्वन्धि बिश्लेषण :**

**क. धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोवार सम्बन्धमा ब्यवस्थापनको धारणाः** धितो बजारमा भएको संगठित संस्थाको शेयर कारोवार सम्वन्धमा ब्यवस्थापनको धारणा यस बैंक शेयर कारोवार सम्वन्धमा शेयरको खरिदकर्ता र बिक्रेताबिच हुने स्वस्थ्य प्रतिस्पर्धामा बैंकले मूल्यमा असर पर्ने गरी कुनै भूमिका खेलेको छैन । बजारमा शेयरको कारोवार सन्तोषजनक रहेको छ।

**ख. त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम , अन्तिम मूल्य, कारोवार भएको कूल दिन तथा कारोवार संख्याः** यस त्रैमासिक अवधिको शेयरको अधिकतम, न्युनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन र कारोवार संख्या निम्न बमोजिम छ । ( नेपाल स्टक एक्सचेन्जको वेभसाईटमा आधारित)

| अधिकतम मूल्य : | न्युनतम मूल्य : | अन्तिम मूल्य : | कारोवार भएको कुल दिन | कारोवार भएको कुल संख्या |
|---|---|---|---|---|
| रू.३,७०० | रू.२,६१५ | रू.३,३०० | ६३ | २,३४,२०९ |

५. **समस्या र चुनौती :**

**क.** संख्यात्मक रूपमा बृद्धि भएको वित्तीय संस्थाहरूको शाखा बिस्तारले लघुवित्त क्षेत्रमा अस्वस्थ प्रतिस्पर्धा ।

**ख.** प्राकृतिक बिपत्ति (भुकम्प तथा बाढी पहिरो ) बाट सृजना भएको चुनौती ।

**ग.** देशमा भइरहेको आन्दोलन, बन्द हड्ताल तथा इन्धन अभावले ल्याउने चुनौती ।

६. **संस्थागत सुशासनः** बैंकको संस्थागत सुशासनका लागि कम्पनीको लेखापरीक्षण समिति, संचालक समिति, जोखिम ब्यवस्थापन समिति कर्मचारी सम्बन्ध समिति लगायत बिभिन्न आन्तरिक समिति तथा उप-समिति मार्फत कम्पनीको ब्यावसायिक योजना तथा कार्यक्रमको नीति तर्जुमा गरी सोही बमोजिम कार्य सम्पादन हुदै आईरहेको छ । बैंकका सञ्चालक र कर्मचारीहरू नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूलाई जारी गरेको संस्थागत सुशासन सम्वन्धि निर्देशनहरू पालना गर्न सदैव प्रतिवद्ध रही कार्य गरिरहेका छन् ।

७. **सत्य तथ्यताको सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषणः** आजको मितिसम्ममा यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा बिवरणहरूको शुद्धता सम्वन्धमा म ब्याक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उदघोषण गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित बिबरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सुसूचित भई निर्णय लिन आवश्यक कुनै बिवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।